**भोटेकोशी र त्रिशूली नदीमा आएको भीषण बाढीबाट क्षतिग्रस्त जलविद्युत आयोजना, हराइरहेका तथा उद्धार भएकाहरुको विवरण**

सञ्चालन – ८ (२८१ मेगावाट)

निर्माणाधीन –४ (३८८ मेगावाट)

जम्माः १२ (६६९ मेगावाट)

# क्षतिग्रस्त आयोजनाहरुको संख्या र हराईरहेका व्यक्तिको विवरण

आयोजना संख्याः ११

सम्पर्कविहिन व्यक्तिहरुको संख्याः ९१९

**रसुवामा बाढीबाट पूर्णरुपमा क्षतिग्रस्त जलविद्युत आयोजना**

| क्र सं | आयोजना | जडित क्षमता (मेगावाट) | विवरण | प्रवर्द्धक कम्पनी | सम्पर्क बिहिनको संख्या | सकुशल तथा उद्धार भएकाको संख्या | कूल जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | माथिल्लो त्रिशूली-१ | २१६ | निर्माणाधीन | नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्ल्युइडिसी ) | ५४८<br>• हराइरहेका मध्ये ९ कोरियन, ३४ चीनीयाँ र ५० भारतीय नागरिक | ८७८ | १,४३३ |
| २ | रसुवागढी | १११ | सञ्चालन | रसुवागढी हाइड्रोपावर कम्पनी | ९३<br>• आइतबार पनि उद्धारको क्रममा हराईरहेका व्यक्तिहरु फेला पार्न नसकिएको र खोजी कार्यक्रम जारी राखिएको छ । | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | रसुवा-भोटेकोशी | १२० | निर्माणाधीन | लाङटाङ भोटेकोशी हाइड्रोपावर कम्पनी प्रानल | ३ (केही दिन अघि आयोजनाका कार्यरत चालकको शव प्राप्त) | ५ | |
| ४ | लाङटाङ खोला | २० | परीक्षण सञ्चालन | मल्टी इनजी डेभलपमेन्ट प्रालि | ३९ | १९ | |
| ५ | चिलिमे | २२ | सञ्चालन | चिलिमे जलविद्‌युत कम्पनी | ६ | | साइट कार्यालयमा ७१ जना कार्यरत रहेकोमा अन्यले सुरक्षित स्थानमा गएर ज्यान जोगाएका छन् । |
| ६ | मैलुङ खोला | ५ | | मैलुङ खोला जलविद्‌युत कम्पनी लिमिटेड | ७ | | अज्ञात |
| | जम्मा | ४९४ | | जम्मा | ६९६ | | |

**बाढीबाट पूर्णरुपमा प्रभावित जलविद्‌युत आयोजना**

| क्र सं | आयोजना | जडित क्षमता (मेगावाट) | विवरण | प्रवर्द्धक कम्पनी | सम्पर्क बिहिनको संख्या | अवस्था |
|---|---|---|---|---|---|---|
| १ | त्रिशूली जलविद्‌युत केन्द्र | २४ | सञ्चालन | नेपाल विद्‌युत प्राधिकरण | ३<br>(२ जना सुरक्षागार्ड तथा १ जना कर्मचारी) | ७० जना सकुशल |
| २ | देवीघाट जलविद्‌युत केन्द्र | १४.१ | सञ्चालन | नेपाल विद्‌युत प्राधिकरण | १<br>(सुरक्षागार्ड) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | माथिल्लो निशूली–३ए | ६० | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | ३९ | खोजी कार्य जारी |
| ४ | माथिल्लो त्रिशूली ३बी | ३७ | निर्माणाधीन | त्रिशूली जलविद्युत कम्पनी | १७८ • | ३६ (१३ जना सम्पर्कमा) |
| ५ | मिडल त्रिशूली गंगा | १५.६ | निर्माणाधीन | पर्फेक्ट इनर्जी डेभलपमेन्ट प्रालि | २ | १ |
| ६ | नुवाकोट सौर्य विद्युत आयोजना | २५ | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | | – |
| | जम्मा | १७५ | | जम्मा | २२३ | |

## भोटीकोशी बाढीबाट क्षतिग्रस्त आयोजनाको खोजी तथा उद्धार कार्यको २०८३-०५-२१ को अपडेट

### माथिल्लो त्रिशूली–१ (२१६ मेगावाट)

बाढीले क्षतिग्रस्त माथिल्लो त्रिशूली–१ आयोजना आइतबार पनि सुरुङ तथा हेडवक्स हराइरहेकाहरूको खोजीका लागि आवश्यक कार्य जारी रह्यो । आइतबार ११० मिटरको तीन डिसेण्डर वेसिनको सर्च सकिएको छ । शनिबार भेटिएका दुई शब नेपाल आर्मीले डिसेण्डर बेसिनको डाउन साइटबाट निकालेको छ । आइतबार आईआर ड्रोनले डिसेण्डर बेसिनमा पुरै सर्च गरेको थियो । उद्धारमा नेपाल आर्मी, नेपाल ड्रोन एशोसियसन, कोरियाली, शेर्पासहितको टिम सहभागी छ भने तालिमप्राप्त सर्च डगले पनि खोजिरहेको छ । सोमबार अडिट नम्बर ३ सुरुङबाट माथितिरको सर्च कार्यलाई तीव्रता दिने कम्पनीले जनाएको छ । बाढी आउनुअघि आयोजनास्थलमा कूल १ हजार ४३३ जना कार्यरत थिए । ती हालसम्म ८७८ जनाको उद्धार गर्न सकिएको छ ।

### रसुवागढी (१११ मेगावाट)

रसुवागढीको विद्युतगृहमा जलविद्युत केन्द्रमा कार्यरत कर्मचारीहरू फसेको हुनसक्ने आंशकामा शनिबार गरिएको खोजी कार्यमा कोही नभेटिएपछि आइतबार बाहिर खण्डमा खोजी कार्यलाई जारी राखिएको छ । जलविद्युत केन्द्रको संरचना तथा आवास क्षेत्र र कार्यालय रहेका स्थानहरूमा आइतबार स्थलगत खोजी कार्यलाई जारी राखिएको छ । रसुवागढी हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक पुष्कर अमात्यका अनुसार जलविद्युत केन्द्रमा कार्यरत आफन्तहरूको अनुरोधमा ट्रेकिङ गाइड गर्ने शेर्पाहरूको समूहले घट्टे खोलादेखि टिमुरेसम्मको खण्डमा स्थलगत सर्च गरिरहेको छ । रसुवागढीबाट जलविद्युत केन्द्रका कर्मचारी, निर्माण कम्पनीका कामदार तथा कर्मचारी, ज्यालादारी कर्मचारी लगायत गरी ९३ जना सम्पर्क बिहिन छन् । उनीहरूको अवस्था अहिलेसम्म पनि अज्ञात छ । यसअघि शनिबार विद्युतगृहमा प्रवेश गरी गरिएको खोजी कार्यमा जिवित अवस्थामा कसैलाई फेला पार्न सकिएन । विद्युतगृहभित्र ४ तलाको विद्युतगृह तथा कन्ट्रोल रुमसम्मै बाढीको माटो, हिलो र लेदो भरिएको पाइएको थियो ।

## रसुवा भोटेकोशी (१२० मेगावाट)

रसुवागढी भोटेकोशी जलविद्युत आयोजनाबाट हराइरहेका मध्ये एक जनाको सव फेला परेको छ । आयोजनामा कार्यरत ड्राइभरको सव भेटिएको हो । आयोजनाबाट हराइरहेका २ चिनियाँ सहित ३ जनाको अवस्था अझै अज्ञात छ । सुरक्षित स्थानमा पुगेर ज्यान जोगाएका ५ जनाको भने पहिले नै उद्धार भइसकेको छ ।

## लाङटाङ खोला (२० मेगावाट)

भोटेकोशी बाढीमा लाङटाङ खोला आयोजनाबाट हराइरहेकाहरूको खोजी कार्य सकिएको छ । आयोजनाको सुरुङभित्र २ जनाको सव बाहेक केही नभेटिएपछि नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको टोलीले खोजी कार्य बन्द गरेको हो । आयोजनाको पेनस्टक पाइप काटेर सुरुङभित्र प्रवेश गरी खोजी गर्दा २ जनाको सव भेटिएको थियो । दुवै सव बिछिप्त अवस्थामा रहेकाले अझै पहिचान हुन सकेको छैन । अब डिएनए परीक्षण गरी पहिचान गरेर परिवारलाई हस्तान्तरण गरिने भएको छ । यो आयोजनामा कार्यरत ३९ जना अझै हराइरहेका छन् । उनीहरू बाढीमा बगेको हुनसक्ने आशंका छ । सुरक्षित ठाउँमा गएर ज्यान जोगाएका १९ जनाको पहिले नै उद्धार भइसकेको छ ।

## त्रिशूली थ्री बी (३७ मेगावाट)

माथिल्लो त्रिशूली थ्री बी मा कार्यरत निर्माण कम्पनी फेवा कन्स्ट्रक्सनका थप १३ जना सम्पर्कमा आएका छन् । यसअघि फेवाका १४१ जना सम्पर्क बिहिन भनिएकोमा १३ जना सम्पर्कमा आएपछि कम्पनीबाट बेपत्ता हुनेको संख्या १२८ मा झरेको छ । आयोजनाको प्रवद्र्धक त्रिशूली जलविद्युत कम्पनीमा कार्यरत  कर्मचारी, कर्मचारीका परिवारका सदस्य, परामर्शदाता कम्पनीका कर्मचारी, सुरक्षा गार्ड तथा काठमाडौं विश्व विद्यालयबाट इन्टर्नशिप गर्न गएका इन्जिनियर विद्यार्थी सहित १७८ जना अझै हराइरहेका छन् । आइतबार हराइरहेकाहरूको खोजी कार्यका लागि अडिट सुरुङको सफाई गरी ठूला मेसिनरी उपकरण ल्याउने कार्य साँझसम्ममा सकिएमा सोमबारदेखि खोजी कार्यलाई थप तीव्र बनाउने तयारी छ ।